# लोक सेवा आयोग
# पोखरा कार्यालय
## पार्दी, पोखरा

फोनः- ०६१-४५३१४५, फ्याक्सः- ०६१-४५३५०६, Website: www.psc.gov.np, Email: pokhara@psc.gov.np


## सुपरभाइजर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. १९९/२०८०-८१, मिति २०८१/०२/११

लोक सेवा आयोग, पोखरा कार्यालयबाट सञ्चालन हुने **नेपाल विद्युत प्राधिकरण**को मिति २०८०/०७/२४ गते प्रकाशित निम्न विज्ञापनहरू, **प्राविधिक** सेवा, **इलेक्ट्रिकल/मेकानिकल** समूह, **इलेक्ट्रिकल** उपसमूह, **५ तह**, **सुपरभाइजर** पदमा **पोखरा परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा देहाय बमोजिमको परीक्षा केन्द्रमा सञ्चालन हुने गरी परीक्षा केन्द्र कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | समय अवधि |
|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान, गणित र कानून सम्बन्धी ज्ञान | वस्तुगत बहुवैकल्पिक र विषयगत | २ घण्टा (४५ मिनेट, १ घण्टा १५ मिनेट) |
| द्वितीय | सेवा सम्बन्धी विस्तृत ज्ञान | विषयगत | २ घण्टा ३० मिनेट |

### परीक्षा भवन

| सि. नं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह, तह | लिखित परीक्षा मिति र समय | | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र | देखि | सम्म | | |
| १. | २०८०/८१/प्रा.५/५०३ गण्डकी प्रदेश (खुला तथा समावेशी) | सुपरभाइजर, प्राविधिक, इलेक्ट्रिकल, इलेक्ट्रिकल, ५ | २०८१-०३-०३ गते दिनको २:०० बजे | २०८१-०३-०४ गते दिनको २:०० बजे | १ | १७५ | १७५ | श्री लोक सेवा आयोग, पोखरा कार्यालय, केन्द्र (क), पार्दी, पोखरा |
| २. | २०८०/८१/प्रा.५/५०४ गण्डकी प्रदेश (खुला तथा समावेशी) | सुपरभाइजर, प्राविधिक, मेकानिकल, ५ | | २०८१-०३-०६ गते दिनको २:०० बजे | १ | ७६ | ७६ | श्री लोक सेवा आयोग, पोखरा कार्यालय, केन्द्र (ख), पार्दी, पोखरा |

**द्रष्टव्यः-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) परीक्षा भवनमा **मोबाइल, स्मार्ट घडी तथा अन्य विद्युतीय सामाग्री निषेध** गरिएको छ ।

ग) परीक्षामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ ।

घ) परीक्षार्थीले अनिवार्य रूपमा आफ्नो प्रवेशपत्र लिई परीक्षा भवनमा जानुपर्नेछ ।

ङ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन ।

च) परीक्षार्थीले परीक्षामा आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

छ) वस्तुगत प्रश्नपत्र हुने परीक्षामा Calculator प्रयोग गर्न पाईने छैन ।

ज) **वस्तुगत बहुवैकल्पिक प्रश्नको उत्तर दिंदा Capital Letter (A, B, C, D) मा लेख्नुपर्नेछ । Small Letter मा लेखेकोलाई मान्यता दिइने छैन । वस्तुगत बहुउत्तरमा गलत उत्तरको २०% अंक कट्टा हुनेछ ।**

झ) सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**द्रष्टव्यः-२ संक्रमणको विशेष अवस्थामा परीक्षा सञ्चालन (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**

क) परीक्षा शुरु हुनु भन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नुपर्नेछ ।

ख) परीक्षा केन्द्र प्रवेश अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ । साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि माक्स, स्यानिटाइजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

ग) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा परीक्षा केन्द्रबाट बाहिरिदा भिडभाड नगरीकन एक आपसमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुनेगरी भौतिक दुरी कायम गर्नु पर्नेछ ।

घ) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

ङ) परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

च) कोभिड-१९ बाट संक्रमित परीक्षार्थीलाई लोक सेवा आयोगकै भवनमा विशेष परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था गरिएको हुँदा संक्रमित परीक्षार्थीले मोबाइल नम्बर ९८५६०८५१४५ वा ९८६२०४७५२० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| ........................................ | .............................. | .............................. |
|---|---|---|
| (एहसानुल हक हवारी) | (कल्पना दहाल) | (ज्ञानेन्द्र पराजुली) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उप सचिव |